भाग ५

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ६९, सङ्ख्या ५२, मिति २०७६/१२/२४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाद्वारा सो सूचनाको खण्ड (क) को भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउ र खण्ड (घ) को भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिच पैठारीमा पूर्ण बन्देज लगाएकोमा सोही दफाको उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७६ साल चैत १६ गते भन्दा अगाडि नै सिपमेन्ट भएका तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृति नलिएका केराउ र मरिचको हकमा एक पटकका लागि सम्बन्धित भन्सारस्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको कार्यालयले गुणस्तर प्रमाणीकरण गरी उपयुक्त देखिएको सिफारिस गरेमा त्यस्तो केराउ र मरिच पैठारी गर्न सकिने व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
बैकुण्ठ अर्याल
नेपाल सरकारको सचिव ।